मिति २०८१।७।२८ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

## श्री

नेपालको संविधानको धारा २१५ को उपधारा (२) मा व्यवस्था भए बमोजिम तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको विशेष बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री कर्ण बहादुर मगरज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको पदाधिकारीहरुको उपस्थितिमा बसी निर्धारित प्रस्तावहरु उपर आवश्यक छलफल गर्दै तपसिल बमोजिमका निर्णयहरु पारित गरियो।

बैठक सञ्चालन स्थानः तीनपाटन गाउँ कार्यपालिकाको कार्यालयको सभाहल।

बैठक सञ्चालन मितिः २०८१।७।२८ गते।

बैठक बसेको समयः अपह्रान्न २.०० बजे।

## उपस्थिति

| क्र.सं. | पदाधिकारीको नाम, थर | पदाधिकारीको दर्जा | उपस्थिति |
|---|---|---|---|
| १. | श्री कर्ण बहादुर मगर | गाउँ कार्यपालिका अध्यक्ष | |
| २. | श्री धन बहादुर पुलामी अशोक | गाउँ कार्यपालिका उपाध्यक्ष | |
| ३. | श्री गोविन्द बहादुर राउत | वडा अध्यक्ष, १ नं. वडा | |
| ४. | श्री मुकुन्द प्रसाद पौडेल | वडा अध्यक्ष, २ नं. वडा | |
| ५. | श्री लाल बहादुर स्याङ्तान | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६. | श्री खड्ग बहादुर भुजेल | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७. | श्री भुपाल सिंह तामाङ | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८. | श्री बीर बहादुर पुलामी | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९. | श्री युवराज पहाडी | वडा अध्यक्ष, ७ नं. वडा | |
| १०. | श्री कृष्ण प्रसाद गौतम | वडा अध्यक्ष, ८ नं. वडा | |
| ११. | श्री मोहन बहादुर गौतम | वडा अध्यक्ष, ९ नं. वडा | |
| १२. | श्री पुण्यहरी भुजेल | वडा अध्यक्ष, १० नं. वडा | |
| १३. | श्री तिलक बहादुर बस्नेत क्षेत्री | वडा अध्यक्ष, ११ नं. वडा | |
| १४. | श्री तारामाया श्रेष्ठ | गाउँ कार्यपालिका सदस्य | |
| १५. | श्री गंगामाया तामाङ | गाउँ कार्यपालिका सदस्य | |
| १६. | श्री सिम कुमारी आले | गाउँ कार्यपालिका सदस्य | |
| १७. | श्री युवमाया मस्राङ्गी | गाउँ कार्यपालिका सदस्य | |
| १८. | श्री कमल बहादुर दमै | गाउँ कार्यपालिका सदस्य | |
| १९. | श्री लोक बहादुर विक | गाउँ कार्यपालिका सदस्य | |
| श्री टंक बहादुर नेगी, प्रमुख प्रशासकीय अधिकृत | | सदस्य सचिव | |



CS CamScanner

मिति २०८१।७।२८ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

| प्रस्ताव नं. | प्रस्तावको विषय | सम्बन्धित शाखा/ वडा/विषयगत समिति |
|---|---|---|
| १. | शिक्षा समितिको बैठकको निर्णय अनुमोदन सम्वन्धमा। | युवा तथा शिक्षा शाखा |
| २. | गाउँपालिकाको मानसिक बिरामीहरुको स्वास्थ्य बिमा सम्वन्धमा । | स्वास्थ्य शाखा |
| ३. | वहु क्षेत्रीय पोषण निर्देशक समितिको बैठकको निर्णय अनुमोदन गर्ने सम्वन्धमा । | सामाजिक विकास शाखा |
| ४. | नदिजन्य पदार्थको प्रारम्भिक वातावरणीय परीक्षण गर्ने सम्वन्धमा। | |
| ५. | निकासी करको ठेक्का सम्वन्धमा। | |
| ६. | वडा सदस्यको उपचार खर्च सम्वन्धमा | |

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकाको गाउँ शिक्षा समितिको मिति २०८१/०७/२८ गतेको बैठकबाट गाउँ कार्यपालिकामा सिफारिस भएको सम्पूर्ण निर्णयहरु अनुमोदन गरियो।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत रहेको प्राथमिक स्वास्थ्य केन्द्र लाम्पनटार र बेलघारीमा अन्य आधिकारीक स्वास्थ्य संस्थाहरुवाट आएका मानसिक बिरामीहरुको परिवारलाई लाग्ने स्वास्थ्य बिमा रकम रु ३५०० (पैतिस सय) का दरले बिमा बोर्डलाई भुक्तानी दिने निर्णय सर्वसम्मत परित गरियो।

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँपालिकाको गाउँपालिका स्तरीय वहु क्षेत्रीय पोषण निर्देशक समितिको मिति २०८१/०७/२८ गतेको बैठकको निर्णय अनुमोदन गरियो।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिका भित्र रहेको नदिजन्य पदार्थको प्रारम्भिक वातावरणीय सर्वेक्षण गर्ने सर्वसम्मत निर्णय गरियो।



CamScanner

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिका भित्र रहेको जडिबुटि, अदुवा, बाँस अम्रिसो, तेजपत्ता लगायत कृषिजन्य उत्पादनको निकासी करको लागि न्यूनतम रु ५,००,००० (पाँच लाख) भन्दा नघट्ने गरी ठेक्का लगाउने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिका वडा नं. ४ का वडा सदस्य श्री गीता वोगटी वडा नं. २ को वडा सदस्य अनिता वि.क. लाई रु ३०,०००।- (तीस हजार) को दरले उपचार खर्चको लागि आर्थिक सहयोग गर्ने सर्वसम्मत निर्णय गरियो।

<u>आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो</u>



CamScanner